# एकल अभिभावकीय घरबारका महानुभाव समक्ष महत्त्वपूर्ण सूचना

厚生労働省 Ministry of Health, Labour and Welfare

## न्यून आय भएका बालबालिका हुर्काउने घरपरिवार प्रति दिइने बालबालिका हुर्काउने घरपरिवार जीवनयापन सहायता विशेष लाभ रकम (एकल अभिभावकीय घरपरिवारका निमित्त)को जानकारी

एकल अभिभावकीय घरपरिवारको सहायता गर्ने हेतुले **नयाँ लाभ रकम प्रदान** गरिने छ !

## 1. भुक्तानीको दायरामा पर्ने व्यक्ति

■ निम्न ① देखि ③ मध्ये कुनै एकमा पर्नुहुने महानुभाव

① **सन् 2021 अप्रिल हिस्साको बालबच्चा लालनपालन भत्ता पाउनुहुने महानुभाव**

② **सार्वजनिक पेन्सन आदिको लाभ प्राप्त** गरिरहेकोले **सन् 2021 अप्रिल हिस्साको बालबच्चा लालनपालन भत्ता प्राप्त नगरेका महानुभाव**

("सार्वजनिक पेन्सन आदि"मा मृतक परिवार पेन्सन, अपाङ्गता पेन्सन, वृद्धावस्था पेन्सन, श्रम दुर्घटना पेन्सन, मृतक परिवार क्षतिपूर्ति इत्यादि यस भित्र पर्छन्।)

③ कोरोना भाइरस सङ्क्रामक रोगको प्रभावले घरायसी खर्चमा आकस्मिक परिवर्तन आउने आदि भएर **आय स्तर, बालबच्चा लालनपालन भत्ता प्राप्त गरिरहेका महानुभाव सरहमै आइपुगेका महानुभाव**

## 2. लाभ भुक्तानी राशि

बालबच्चा 1 जना बराबर समान **50 हजार येन**

■ **लाभ प्राप्त गर्ने प्रक्रिया बारेमा पछाडिको पृष्ठमा उल्लेख गरिएको छ। अवश्य पनि हेर्नुहोला।**

＊सोधपुछको लागि निम्न ठाउँमा फोन गर्नुहोस्।

■ स्वास्थ्य श्रम तथा कल्याण मन्त्रालयको कल सेन्टर

0120-400-903 (खुल्ला रहने समय: कार्यालय खुल्ने दिनको 9:00~18:00)

○ विस्तृत आवेदन विधि सम्बन्धमा बसोबास रहेको गाउँ/नगरपालिकाको "बालबालिका हुर्काउने घरपरिवार जीवनयापन सहायता विशेष लाभ रकम (एकल अभिभावकीय घरपरिवारका निमित्त)" इन्चार्ज काउण्टरमा सोधपुछ गर्नुहोला।

## 3. लाभ रकमको भुक्तानी प्राप्त गर्ने प्रक्रिया

■ **(अघिल्लो पृष्ठ 1को ①सँग मेल खाने महानुभाव) सन् 2021 अप्रिल हिस्साको बालबच्चा लालनपालन भत्ताका लाभार्थी**

▶ **<u>आवेदन बिना नै</u>** लाभ रकम प्राप्त गर्न सकिन्छ।

▶ **मे महिना तिर,** सन् 2021 अप्रिल हिस्साको बालबच्चा लालनपालन भत्ता भुक्तानी गर्ने गरिएको बैङ्क खातामा रकमान्तर गरिने छ।

**[कृपया ध्यान पुऱ्याउनुहोला]**
* लाभ रकम प्राप्त गर्ने इरादा नभएको खण्डमा, लाभ प्राप्ती अस्वीकार निवेदन पत्र पठाउनुहोस्।
* बालबच्चा लालनपालन भत्ताको भुक्तानीका सन्दर्भमा तोकेको बैङ्क खाता बन्द रहेर लाभ रकमको भुक्तानी लिन नमिल्ने जस्ता अवस्थाहरूमा, रकमान्तर गर्ने खाता परिवर्तन आदिका प्रक्रिया चाल्नु होला।

■ **माथि उल्लिखित बाहेकका महानुभाव** **(अघिल्लो पृष्ठ <u>1को ② अथवा ③ मध्येको कुनै एक</u> भित्र पर्नुहुने महानुभाव)**

▶ लाभ रकम प्राप्त गर्नका निमित्त **<u>आवेदन आवश्यक</u>** पर्छ।

▶ आवेदन फाराममा रकमान्तर गर्ने बैङ्क खाताहरू उल्लेख गरेर, आवश्यक कागजातसँगै ○○ नगरको **काउण्टरमा सिधै** अथवा **डाँक** गरेर पेस गर्नुहोला।

▶ लाभ रकम भुक्तानीको लागि आवश्यक सर्त पूरा गरेका महानुभाव प्रति आवेदनको अन्तर्वस्तु हेरेर तोकेको बैङ्क खातामा **सक्दो चाँडो रकमान्तर** गरिने छ।




**"न्यून आय भएका बालबालिका हुर्काउने घरपरिवार प्रति दिइने बालबालिका हुर्काउने घरपरिवार जीवनयापन सहायता विशेष लाभ रकम"को "फुरिकोमे-सागि भनिने ठगी" या "व्यक्तिगत जानकारी हत्याउने ठगी"मा कृपया ध्यान पुऱ्याउनु होला।**

आफ्नो घर या कार्यस्थल आदिमा प्रान्त, गाउँ/नगरपालिका या स्वास्थ्य श्रम तथा कल्याण मन्त्रालय (को कर्मचारी) इत्यादि भन्दै नचिनेको फोन या पत्र आएको खण्डमा, बसोबास रहेको गाउँ/नगरपालिका या पायक पर्ने प्रहरी कार्यालय (अथवा प्रहरी परामर्श विशेष फोन नम्बर (#9110)) मा सम्पर्क गर्नुहोला।